नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.न: १८५

मिति: २०७३।१२।२८

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
काठमाण्डौ, ललितपुर, भक्तपुर ।

श्री महानगरपालिका/नगरपालिका कार्यालय,
काठमाण्डौ, ललितपुर, कागेश्वरी, किर्तिपुर, गोकर्णेश्वर, चन्द्रागिरी, टोखा, तारकेश्वर, दक्षिणकाली, नागार्जुन, बुढानिलकण्ठ, शंकरापुर, चाँगुनारायण, भक्तपुर, मध्यपुर थिमी, सूर्यविनायक, गोदावरी, महालक्ष्मी

राष्ट्रिय मानव अधिकार आयोगको च.नं.१५४६, मिति २०७३/१२/७ को पत्रबाट नेपालको संबिधान २०७२ को मौलिक हकको धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गरेको, त्यसैगरी वातावरण संरक्षण सम्बन्धी ऐन, २०५३ र नियमावली २०५५, वन ऐन, २०४९ नियमावली २०५० लगायतका कानूनहरु तर्जुमा भइ कार्यान्वयन भैरहेका साथै नागरिकको स्वच्छ वातावरणमा बाच्न पाउने अधिकारको ब्याख्या गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट समेत नजिरहरु प्रतितादन भएको सन्दर्भ उल्लेख गर्दै काठमाण्डौ उपत्यका भित्र विकास निर्माणका कार्य संचालन गर्दा वातावरण प्रदुषण नियन्त्रण गरी मानव अधिकार संरक्षण सम्वर्धनमा के कसो कार्य गरिएको छ? सो सम्बन्धमा संबिधान तथा कानूनद्वारा निर्देशित कार्यहरु गरिएको छ छैन? भनि विवरण उपलब्ध गराउन निर्देशन प्राप्त भएकाले तँहाबाट सम्पादन हुने विकास निर्माण कार्यमा वातावरण प्रदुषण नियन्त्रण गरी मानव अधिकार संरक्षण सम्वर्धन गर्ने सम्बन्धी विवरण यथाशिघ्र उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(समिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोक
श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन
संं.मा.तथा स्था.वि.म., सिंहदरबार